# शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८०
# सम्बन्धी समितिको प्रतिवेदन

संघीय संसद
प्रतिनिधि सभा
शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति

# शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० सम्बन्धी समितिको प्रतिवेदन

## १. पृष्ठभूमि

राष्ट्रिय सभामा उत्पत्ति भएको शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० प्रतिनिधि सभाको २०८१ साउन २१ गतेको बैठकबाट शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा दफावार छलफलका लागि प्राप्त हुन आएको थियो । विभिन्न ११ वटा परिच्छेद र ६४ वटा दफामा विभाजित उक्त विधेयक उपर १५ समूहमा १८ जना माननीय सदस्यहरुले दर्ता गराउनु भएको संशोधन प्रस्ताव सहितको विधेयकका सम्बन्धमा समितिमा १३ वटा बैठकहरु भएका थिए ।

समितिका उक्त बैठकहरुमा संशोधनकर्ता माननीय सदस्यहरु, विधेयकसँग सम्बन्धित सरोकारवाला, विषयविज्ञहरुसँग छलफल गर्नुका साथै विधेयकसँग सम्बन्धित शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको उपस्थितीमा दफावार छलफल भएको थियो । समितिमा भएका उल्लेखित औपचारिक बैठकका अतिरिक्त विधेयकका सम्बन्धमा अनौपचारिक बैठकहरु समेत भएका थिए ।

चिकित्सा क्षेत्रको पहिलो विश्वविद्यालय भएकोले समितिले चिकित्सा क्षेत्रका विभिन्न विधासँग सम्बन्धित विभिन्न विषय विज्ञहरुसँग दुई वटा अन्तर्क्रिया कार्यक्रम मार्फत राय सुझाव प्राप्त गरेको थियो । त्यसैगरी समितिले विश्वविद्यालय स्थापना हुने स्थानको समेत स्थलगत अवलोकन गरी वस्तुगत अवस्थाको जानकारी लिनुका साथै स्थानीय सरोकारलाहरुसँग समेत छलफल गरेको थियो ।

समितिले विधेयकका सम्बन्धमा कतिपय विषयमा राष्ट्रिय सभाबाट भएको संशोधनलाई स्वीकार गरेको छ भने केही विषयमा परिमार्जन गर्नुका साथै अन्य कतिपय विषयमा मसिनो गरी छलफल गरी परिमार्जन समेत गरेको छ ।

समितिले विश्वविद्यालयको नेतृत्व अर्थात कुलपतिले दिक्षान्त समारोहको अध्यक्षता गर्ने तर सभाको अध्यक्षता भने कूलपतिको सट्टा सहकूलपतिले गर्ने गरी परिमार्जन गरिएको छ । त्यसैगरी विधेयकले सहकुलपतिको रुपमा शिक्षा मन्त्रीलाई मात्र प्रस्ताव गरेकोमा चिकित्सा क्षेत्रको विश्वविद्यालय भएकोले स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रीलाई समेत सहकूलपतिको रुपमा प्रस्ताव गरी दुई जना सहकूलपति रहने व्यवस्था गरेको छ। तर सभाको अध्यक्षता भने शिक्षा हेर्ने सहकूलपतिले गर्नेगरी प्रबन्ध गरिएको छ ।

उपकुलपति र रजिष्ट्राररलाई खुल्ला प्रतिस्पर्धाका आधारमा नियुक्त गर्ने प्रबन्ध गरिएको छ भने डीन, प्रिन्सिपल, अस्पताल निर्देशकको पदमा आन्तरिक प्रतिस्पर्धाका आधारमा नियुक्ति गर्ने गरी व्यवस्था मिलाइएको छ ।

विश्वविद्यालय प्राज्ञिक क्षेत्र भएको हुँदा तालाबन्दी, बन्द हड्ताल गर्न नहुने र गरेमा प्रचलित कानून वमोजिम सजाय हुने तथा शिक्षक र कर्मचारीले यस्तो कार्य गरेमा विभागीय कारवाही समेत हुनेगरी प्रबन्ध गरिएको छ ।

उल्लेखित मुख्य विषयका अतिरिक्त समितिले अन्य थुप्रै विषयमा संशोधन गरी विधेयकलाई परिमार्जन सहित पारित गरेको छ ।

यस विधेयकमाथि छलफल हुँदा केही माननीय सदस्यहरुले विश्वविद्यालयको कूलपतिको विषयमा फरक धारणा समेत राख्नु भएको व्यहोरा थियो । यद्दपि समितिमा छलफल हुँदा त्यस्ता विषयहरु एकीकृत ऐनमा समावेश गर्न उपयुक्त हुने र एकै ऐनले सबै विश्वविद्यालयको हकमा समेत एकमुष्ट तवरले संवोधन हुन उपयुक्त हुने भनी विश्वविद्यालयहरुमा एकरुपता कायम गर्नेगरी जति सक्दो छिटो उच्च शिक्षा सम्बन्धी विधेयक संसदमा ल्याउन नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई समितिले निर्देशन समेत दिएको थियो ।

## २. विधेयकका सम्बन्धमा समितिले गरेको परिमार्जन

१. विधेयकको दफा १ को उपदफा (१) मा रहेका “२०८०” भन्ने अङ्कहरूको सट्टा “२०८१” भन्ने अङ्कहरू राख्ने।

२. विधेयकको दफा ७ को उपदफा (२) को,-

(क) खण्ड (क) झिकी त्यसपछिका खण्डक्रम मिलाउने।

(ख) खण्ड (ख) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (क) मा रहेको “उपाध्यक्ष” भन्ने शब्दको सट्टा “अध्यक्ष” भन्ने शब्द राख्ने।

(ग) खण्डक्रम मिलाउदा कायम हुने खण्ड (क) पछि देहायको खण्ड (ख) थपी खण्डक्रम मिलाउनेः

“(ख) सहकूलपति, नेपाल सरकारको स्वास्थ्य विषय हेर्ने मन्त्री - सदस्य”

(घ) खण्ड (ट) मा रहेका "स्वास्थ्य विज्ञानको क्षेत्रमा" भन्ने शब्दहरूपछि "कम्तीमा दश वर्षको अनुभव सहित" भन्ने शब्दहरू थप्ने।

(ङ) राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिको प्रतिवेदन (यसपछि "प्रतिवेदन" भनिएको) को बुँदा ५ को उपबुँदा (२) मा रहेका "चार जना" भन्ने शब्दहरूको सट्टा "छजना" भन्ने शब्द राख्ने।

३. विधेयकको दफा ८ को उपदफा (७) मा रहेका "ख्यातिप्राप्त विद्वान, विषय विज्ञ" भन्ने शब्दहरू झिक्ने।

४. विधेयकको दफा ९ को खण्ड (घ) रहेका "समकक्षता र स्तर निर्धारण र" भन्ने शब्दहरूको सट्टा प्रतिवेदनको बुँदा ७ को उपबुँदा (१) ले गरेको संशोधनको सट्टा "स्तर निर्धारण गर्ने" भन्ने शब्दहरू राख्ने।

५. विधेयकको दफा १० को उपदफा (३) मा रहेका "हुनेछ र" भन्ने शब्दहरूपछि "कार्यसम्पादन सन्तोषजनक देखिएमा" भन्ने शब्दहरू राख्ने।

६. विधेयकको दफा ११ को खण्ड (छ) को शुरुमा "प्रचलित चिकित्सा शिक्षा सम्बन्धी कानून बमोजिम नियमित हुने बाहेकका विषयमा" भन्ने शब्दहरू थप्ने।

७. विधेयकको दफा १३ को,-

(१) खण्ड (च) प्रतिवेदन अनुसार कायम हुने खण्ड (ज) मा रहेका "सहज रुपमा" भन्ने शब्दहरूपछि "एकीकृत एवं" भन्ने शब्दहरू थपी सोही खण्डमा रहेको "निरोधात्मक" भन्ने शब्दपछि", प्रवर्द्धनात्मक" भन्ने शब्द थप्ने।

(२) खण्ड (ढ) प्रतिवेदनबाट कायम हुने खण्ड (थ) पछि देहायको खण्ड (द) थपी त्यसपछिको खण्डक्रम मिलाउने:

"(द) समुदायमा स्वास्थ्य सेवासँग सम्बन्धित सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।"

८. विधेयकको दफा १४ को,-

(१) उपदफा (२) मा रहेका "एक जना" भन्ने शब्दहरूको सट्टा "दुईजना" भन्ने शब्द राख्ने।

(२) उपदफा (४) मा रहेका "हुनेछ र" भन्ने शब्दहरूपछि "कार्यसम्पादन सन्तोषजनक देखिएमा" भन्ने शब्दहरू राख्ने।

९. प्रतिवेदनको बुँदा नं. १३ ले विधेयकको दफा १६ मा थपेको उपदफा (२) मा रहेका "कम्तीमा एक" भन्ने शब्दहरूको सट्टा "उपलब्ध भएसम्म कम्तीमा एक तिहाइ" भन्ने शब्दहरू राख्ने।

१०. विधेयकको दफा २२ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नेः

" (१) नेपाल सरकारको शिक्षा विषय हेर्ने मन्त्री र स्वास्थ्य विषय हेर्ने मन्त्री विश्वविद्यालयको सहकूलपति हुनेछन् ।

(२) उपदफा (१) पछि देहायको उपदफा (२) थपी त्यसपछिको उपदफाक्रम मिलाउनेः

"(१) उपदफा (१) वमोजिमको नेपाल सरकारको शिक्षा विषय हेर्ने मन्त्रीले विश्वविद्यालयको सभाको अध्यक्षता गर्नेछ।"

११. विधेयकको दफा २३ को उपदफा (३) मा रहेका "हुनेछ र" भन्ने शब्दहरूपछि "कार्यसम्पादन सन्तोषजनक देखिएमा" भन्ने शब्दहरू राख्ने।

१२. विधेयकको दफा २४ को खण्ड (क) मा रहेको "विद्यावारिधि" भन्ने शब्दपछि ", डीएम, एमसीएच वा सो सरह" भन्ने शब्दहरू राख्ने।

१३. विधेयकको दफा २५ को,-

(१) उपदफा (१) मा रहेको "उपकुलपतिको" भन्ने शब्दको सट्टा "उपकुलपति र रजिष्ट्रारको" भन्ने शब्दहरू राख्ने।

(२) उपदफा (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राख्नेः

"(क) दफा ७ को उपदफा (२) को खण्ड (ट) र (ठ) बमोजिमका सदस्यमध्येबाट सभाले मनोनयन गरेको सदस्य - संयोजक"

(३) उपदफा (३) प्रतिवेदन अनुसार कायम हुने उपदफा (४) मा रहेको "उपकुलपति" भन्ने शब्दको सट्टा "उपकुलपति वा रजिष्ट्रारको" भन्ने शब्दहरू राख्ने।

(४) उपदफा (५) प्रतिवेदन अनुसार कायम हुने उपदफा (६) मा रहेका "दुई जना उम्मेदवारको नाम उपकुलपतिको" भन्ने शब्दको सट्टा "तीन जना उम्मेदवारको नाम योग्यताक्रमको आधारमा उपकुलपति वा रजिष्ट्रारको" भन्ने शब्दहरू राख्ने।

(५) विधेयकको उपदफा (६) प्रतिवेदनबाट कायम हुने उपदफा (७) को सट्टा देहायको उपदफा (७) राख्ने ।

"(७) उपदफा (६) वमोजिम सिफारिस भई आएका व्यक्तिमध्येबाट योग्यताक्रमका आधारमा सबैभन्दा माथि रहेको एकजना व्यक्तिलाई सभाले तीसदिनभित्र उपकुलपति वा रजिष्टारको पदमा नियुक्त गर्नुपर्नेछ । त्यसरी सिफारिस भई आएका अन्य दुई व्यक्ति वैकल्पिक उम्मेदवारको सूचीमा रहनेछन् ।"

(६) विधेयकको उपदफा (६) उपदफाक्रम मिलाउदा कायम हुने उपदफा (७) पछि देहायको उपदफा (८) राखी उपदफाक्रम मिलाउनेः

"(८) उपदफा (७) वमोजिम नियुक्त उपकुलपति वा रजिष्ट्रारको पद कुनै कारणले एक वर्षभित्र रिक्त भएमा सम्बन्धित पदको लागि सूचिकृत भएका वैकल्पिक उम्मेदवारहरुमध्येबाट योग्यता क्रमको आधारमा नियुक्त गरिनेछ ।"

(७) उपदफा (७) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (९) मा रहेको "उपकुलपतिको" भन्ने शब्दको सट्टा "उपकुलपति वा रजिष्ट्रारको" भन्ने शब्दहरू राख्ने।

१४. विधेयकको दफा २७ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नेः-

"(२) रजिष्ट्रारको पदावधि समाप्त हुनुभन्दा कम्तीमा तीन महिना अगावै यस ऐन बमोजिमको नियुक्ति प्रक्रिया प्रारम्भ गर्नु पर्नेछ।"

(२) उपदफा (३) झिकी त्यसपछिको उपदफाक्रम मिलाउने।

(३) उपदफा (४) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (३) मा रहेका "हुनेछ र" भन्ने शब्दहरूपछि "कार्यसम्पादन सन्तोषजनक देखिएमा" भन्ने शब्दहरू राख्ने।

१५. विधेयकको दफा ३० को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नेः-

"(२) सम्बन्धित विधामा विद्यावारिधी, डीएम, एमसीएच वा सो सरहको उपाधि प्राप्त गरेका र प्राध्यापक पदमा रही कम्तीमा पाँच वर्षको अनुभव हासिल गरेका व्यक्तिमध्येबाट आन्तरिक प्रतिस्पर्धाका आधारमा दफा ३७ बमोजिमको पदपूर्ति समितिको सिफारिसमा उपकुलपतिले डिन नियुक्त गर्नेछ।"

(२) उपदफा (३) मा रहेका "हुनेछ र" भन्ने शब्दहरूपछि "कार्यसम्पादन सन्तोषजनक देखिएमा" भन्ने शब्दहरू थप्ने।

१६. विधेयकको दफा ३२ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नेः-

"(१) शिक्षण संस्थाको प्रमुखको रूपमा काम गर्नको लागि कम्तीमा सहप्राध्यापक वा सो सरहको शिक्षक पदमा रही कम्तीमा पाँच वर्षको अनुभव हासिल गरेका व्यक्तिमध्येबाट आन्तरिक प्रतिस्पर्धाका आधारमा दफा ३७ बमोजिमको पदपूर्ति समितिको सिफारिसमा उपकुलपतिले प्रिन्सिपल नियुक्त गर्नेछ।"

(२) उपदफा (३) मा रहेका "हुनेछ र" भन्ने शब्दहरूपछि "कार्यसम्पादन सन्तोषजनक देखिएमा" भन्ने शब्दहरू थप्ने।

१७. विधेयकको दफा ३३ को,-

(१) उपदफा (१) मा रहेका "चिकित्सकलाई डिनको सिफारिसमा" भन्ने शब्दहरूको सट्टा "चिकित्सकमध्येबाट आन्तरिक प्रतिस्पर्धाका आधारमा दफा ३७ बमोजिमको पदपूर्ति समितिको सिफारिसमा" भन्ने शब्दहरू राख्ने।

१८. उपदफा (३) मा रहेका "हुनेछ र" भन्ने शब्दहरूपछि "कार्यसम्पादन सन्तोषजनक देखिएमा" भन्ने शब्दहरू थप्ने।

१९. विधेयकको दफा ३५ को,-

(१) उपदफा (१) मा रहेका "एक चौथाई" भन्ने शब्दहरूको सट्टा "बहुमत" भन्ने शब्द राख्ने।

(२) उपदफा (८) मा रहेको "बहुमत" भन्ने शब्दको सट्टा "दुई तिहाई" भन्ने शब्द राख्ने।

(३) उपदफा (९) झिक्ने गरी प्रतिवेदनको बुँदा २५ ले व्यवस्था गरेको उपबुँदा (३) झिकी सो उपदफामा रहेको "विश्वविद्यालयको" भन्ने शब्दपछि "रजिष्ट्रार बहाल रहेको भएमा रजिष्ट्रारलाई र रजिष्ट्रारको पद रिक्त रहेको अवस्थामा दफा ६ बमोजिमका पदाधिकारीमध्ये वरिष्ठताका आधारमा" भन्ने शब्दहरू राख्ने।

(४) यस दफाको उपदफा (९) बाहेकका अन्य उपदफाको ठाउँ ठाउँमा रहेका "उपकुलपति" भन्ने शब्दको सट्टा "उपकुलपति वा रजिष्ट्रार" भन्ने शब्दहरू राख्ने।

२०. विधेयकको दफा ३६ को सट्टा देहायको दफा ३६ राख्नेः-

"३६. डीन, प्रिन्सिपल र अस्पताल निर्देशक पदमुक्त हुनेः (१) डीन, प्रिन्सिपल वा अस्पताल निर्देशकले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको, पद अनुरूपको आचरण नगरेको वा विश्वविद्यालयको हित विपरीतको कुनै काम गरेको भनी कसैले प्रमाण सहित उपकुलपति समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन उपकुलपतिले कार्यकारी परिषद्मा पेस गर्नेछ र त्यसरी पेस भएको निवेदन कार्यकारी परिषद्ले छानबिन गर्न उपयुक्त देखेमा परिषद्का सदस्यमध्ये कुनै सदस्यको अध्यक्षतामा अन्य दुईजना विषय विज्ञ रहेको एक छानबिन समिति गठन गर्न सक्नेछ।

तर कार्यकारी परिषद्मा सदस्य रहेका डीन वा अस्पताल निर्देशकउपर यस दफा बमोजिम छानबिन गर्नु पर्ने भएमा कार्यकारी

परिषद्को बैठकमा त्यस्तो डीन वा अस्पताल निर्देशक सहभागी हुन पाउने छैन।

(३) उपदफा (२) बमोजिमको छानबिन समितिले छानबिन गर्दा डीन, प्रिन्सिपल वा अस्पताल निर्देशकले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको, पद अनुरूपको आचरण नगरेको वा विश्वविद्यालयको हित विपरीतको कुनै काम गरेको देखिएमा त्यस्तो डीन, प्रिन्सिपल वा अस्पताल निर्देशकलाई पदबाट हटाउन कार्यकारी परिषद्मा सिफारिस गर्नेछ।

(४) उपदफा (३) बमोजिम हटाउने गरी सिफारिस प्राप्त भएमा कार्यकारी परिषद्ले त्यस्तो डीन, प्रिन्सिपल वा अस्पताल निर्देशकलाई पदबाट हटाउने निर्णय गर्नेछ।

(५) दफा ३० को उपदफा (३), दफा ३२ को उपदफा (३) र दफा ३३ को उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (४) बमोजिम निर्णय भएमा उपकुलपतिले डीन, प्रिन्सिपल वा अस्पताल निर्देशकलाई पदबाट हटाउनेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाइ पेस गर्न मनासिब मौका दिनु पर्नेछ।"

२१. विधेयकको दफा ३७ को उपदफा (२) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राख्नेः-

"(क) दफा ७ को उपदफा (२) को खण्ड (ट) र (ठ) बमोजिमका सदस्य मध्येबाट सभाले मनोनयन गरेको सदस्य - संयोजक"

२२. विधेयकको दफा ३८ को,-

(१) उपदफा (३) मा रहेका "प्राध्यापक वा विभागीय प्रमुखको" भन्ने शब्दहरूको सट्टा "प्राध्यापकको" भन्ने शब्द राख्ने।

(२) उपदफा (५) मा रहेको "विद्वानलाई" भन्ने शब्दको सट्टा "विश्वविद्यालयबाट स्नातकोत्तर वा सो सरहको चिकित्सा सम्बन्धी सम्बन्धित विधामा सर्वोत्कृष्ट

(गोल्डमेडलिष्ट) नतिजा हासिल गरेका मेधावी व्यक्तिलाई" भन्ने शब्दहरू राखी सोही उपदफामा रहेका "आगन्तुक प्राध्यापक (भिजिटिङ्ग प्रोफेसर) वा कार्यानुभवी प्राध्यापक (प्रोफेसर अफ प्राक्टिस)" भन्ने शब्दहरुको सट्टा "कार्यानुभवी प्राध्यापक (प्रोफेसर अफ प्राक्टिस) वा आगन्तुक प्राध्यापक (भिजिटिङ्ग प्रोफेसर)" भन्ने शब्दहरु राख्ने ।

२३. विधेयकको दफा ४० को उपदफा (२) को खण्ड (ग) मा रहेका "समकक्षता तथा" भन्ने शब्दहरू झिक्ने।

२४. विधेयकको दफा ४२ को दफाशीर्षक र सोही दफाको ठाउँ-ठाउँमा रहेका "समकक्षता" भन्ने शब्द झिक्ने।

२५. विधेयकको दफा ४३ को,-

(३) उपदफा (१) मा रहेको "गरेको" भन्ने शब्दपछि "शोधपत्र," भन्ने शब्द थप्ने।

(४) उपदफा (२) मा रहेको "सम्बन्धित रही" भन्ने शब्दहरूपछि "शोधपत्र," भन्ने शब्द थप्ने।

२६. विधेयकको दफा ४६ को सट्टा देहायको दफा ४६ राख्नेः-

"४६. **समावेशी सिद्धान्तको आधारमा मनोनयन गर्ने**ः यस ऐन बमोजिम सभा, प्राज्ञिक परिषद्, कार्यकारी परिषद्, विद्या परिषद् तथा विषयगत समितिमा सदस्यको मनोनयन गर्दा महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तीकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यबाट समावेशी सिद्धान्तका आधारमा गर्नु पर्नेछ।"

२७. विधेयकको दफा ५२ पछि देहायको दफा ५३ थपी त्यसपछिका दफाक्रम मिलाउनेः

"५३. **<u>तालाबन्दी वा बन्द हड्ताल गर्न नहुने</u>**ः (१) कसैले पनि विश्वविद्यालयको प्राज्ञिक मर्यादा वा नियमित काम कारबाहीमा प्रतिकूल असर पुऱ्याउने गरी तालाबन्दी वा बन्द हड्ताल गर्नु, गराउनु हुँदैन।

(२) उपदफा (१) विपरीत कसैले त्यस्तो कार्य गरेमा प्रचलित कानून बमोजिम सजाय हुनेछ।

(३) उपदफा (२) बमोजिम सजाय भएको कारणले मात्र शिक्षक वा कर्मचारीलाई निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम विभागीय कारबाही गर्न बाधा परेको मानिने छैन ।"

२८. विधेयकको दफा ६१ दफाक्रम मिलाउँदा कायम हुने दफा ६२ मा रहेको "गर्न वा गराउन" भन्ने शब्दहरूको सट्टा "गर्न, गराउन" भन्ने शब्दहरू राख्ने।

२९. विधेयकको दफा ६४ दफाक्रम मिलाउँदा कायम हुने दफा ६५ मा रहेको "सिमित" भन्ने शब्दको सट्टा "समिति" भन्ने शब्द राख्ने।

| | |
|---|---|
| ............................ | ............................ |
| दशरथ धमला | अम्मर बहादुर थापा |
| समिति सचिव | सभापति |

मितिः २०८१ चैत १७ गते